# तिरहुत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गोईठी, सप्तरी
## मधेश प्रदेश, नेपाल

पत्र संख्याः २०८२/०८३
चलानी नं.

**करार सेवामा वन प्राविधिक पदको पदपूर्ति सम्बन्धी सूचना ।**
**सूचना प्रकाशित मिति २०८२/१२/०२**

तिरहुत गाउँपालिकामा निम्न बमोजिमको पदहरुको लागि करार सेवामा कर्मचारी पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजातहरु र राजश्व तिरेको भौचर सहित यस गाउँपालिकाको कार्यालयमा आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | माँग संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|
| ०१ | १-०८२/०८३ | वन प्राविधिक | छैठो/सातौं | १ (एक) | १०००/- |

**आवश्यक न्यूनतम शैक्षिक योग्यता :** नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय, शिक्षण संस्थाबाट वन फोरेष्ट्रीमा स्नातक तह उतिर्ण गरेको । वा वन फोरेष्ट्रीमा प्रविणता प्रमाण पत्र तह उतिर्ण गरी कम्तीमा ३ (तीन) वर्ष सोही फिल्डमा काम गरेको वा सो सरह उतिर्ण गरेको ।

**दरखास्त दिने स्थान :** तिरहुत गाउँपालिकाको कार्यालय गोईठी, सप्तरी ।

**दरखास्त दिने अन्तिम मिति :** मिति २०८२/१२/१६ गते सम्म कार्यालय समय भित्र, सो दिन सार्वजानिक बिदा परेको खण्डमा भोलिपल्ट कार्यालय खुलेको दिन ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

क) कार्यालयबाट उपलब्ध आवेदन फारम ।
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
ग) समकक्षता आवश्यक पर्ने भए सोको प्रतिलिपी ।
घ) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।
ङ) विषयगत क्षेत्रका लागि आवश्यक पर्ने परिषद्मा दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
च) हाल सालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति ।
छ) परिक्षा दस्तुतर तिरेको भौचर ।

**परिक्षाको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित तथा अन्तरवार्ता परिक्षा ।

**तलब तथा सेवा सुविधा तथा उमेरको हद :** प्रचलित कानून बमोजिम तलब तथा सेवा सुविधा पाउने छ । उमेरको हकमा पुरुष २१ वर्ष पूरा भई ३५ बर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

**दरखास्त दस्तुर तिरहुत गा.पा. को आन्तरिक राजश्व खाता नं. २३३२०५००२९५०९००२ एन आई सि एसिया बैंकमा जम्मा गर्न सकिनेछ ।**

**अन्य :**

(क) भविष्यमा सरकारी सेवा निमित्त अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त नभएको ।
(ख) प्रचलित कानून बमोजिम अयोग्य नभएको ।
(ग) यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ ।
(घ) माथि उल्लेखित पदको सन्दर्भमा नेपाल सरकारबाट ऐन, नियम, कार्यविधी र निर्देशिकामा प्रचलित व्यवस्था भए बमोजिम हुनेछ ।

- प्रमुख प्रशासकीय अधिकृत

Website:www.tirahutmun.gov.np, Email : info@tirahutmun.gov.np,
tirahutgaunpalika555@gmail.com

"कृषि, पर्यटन स्वरोजगार तथा पूर्वाधार तिरहुत गाउँपालिकाको आधार"

CamScanner